जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ११ पृष्ठः ४ | २०८३ बैशाख १६ बुधबार (Wednesday 29 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# सिरहाका चार स्थानीय तहमा हाजिर भएनन् प्रशासकीय अधिकृत, कामकाज प्रभावित

आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन गर्ने प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजना कार्यान्वयनमै चुनौती थपिएको कल्याणपुर नगरपालिकाकी कार्यवाहक प्रमुख रेखाकुमारी यादवले सुनाइन्।




**विनय आजाद**

सिरहा, १५ वैशाख। लहान नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत उपसचिव जयकान्त झाले वैशाख ५ गते अवकाश पाए। त्यसपछि लहानमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दुर्गाप्रसाद भूर्तेललाई पठाएको छ। मन्त्रालयले उपसचिव भूर्तेललाई वैशाख ८ मै सरुवा गरेको थियो। तर, केन्द्र सरकारको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा कार्यरत उनी अझैसम्म पनि नगरपालिकामा हाजिर भएका छैनन्। उनले छिट्टै हाजिर हुने भने पनि अहिलेसम्म नआएको नगरपालिकाले जनाएको छ।

लहानमा मात्रै होइन, सिरहाका चारवटा स्थानीय तहमा मन्त्रालयद्वारा नयाँ पठाइएका प्रशासकीय अधिकृत अहिलेसम्म हाजिर भएका छैनन्। कल्याणपुर नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा सरुवा गरिएका उपसचिव विश्वरुप दाहाल पनि अझैसम्म अनुपस्थित छन्। राष्ट्रिय योजना आयोगमा कार्यरत उनलाई मन्त्रालयले चैत २६ मै सरुवा गरेको थियो। यसैगरी, धनगढीमाई नगरपालिकामा पठाइएका उपसचिव मोहन निरौला पनि अहिलेसम्म नगरपालिकामा हाजिर भएका छैनन्।

युवा तथा खेलकुद मन्त्रालयमा कार्यरत निरौलालाई चैत १९ मै मन्त्रालयले धनगढीमाईमा सरुवा गरेको थियो। यस्तै, गोलबजार नगरपालिकामा स्वास्थ्य मन्त्रालयबाट पठाइएका उपसचिव रूपनारायण खतिवडा पनि अहिलेसम्म अनुपस्थित छन्। यसरी नगरपालिका प्रशासकीय अधिकृतविहीन हुँदा आर्थिक तथा प्रशासनिक कामकाज नै प्रभावित बन्न पुगेको लहान नगरपालिकाका प्रमुख महेशप्रसाद चौधरीले गुनासो गरे। 'हामी असार मसान्तको मुखमा आइपुगेका छौं, यतिबेला योजनाहरूलाई तीव्र गतिमा अगाडि बढाउन पर्नेछ,' चौधरीले कान्तिपुरसित भने, 'तर, प्रशासकीय अधिकृत नहुँदा मुख्य कामकाज नै ठप्प छ।'

कल्याणपुर नगरपालिकाकी

–बाँकी अन्तिम पेजमा

# सामुदायिक विद्यालयलाई ई–रिक्सा प्रदान

**जनार्जन खत्री**

सर्लाही, १५ वैशाख। सर्लाहीको ईश्वरपुर नगरपालिकाभित्रका आठ वटा सामुदायिक विद्यालयलाई मङ्गलबार ई–रिक्सा प्रदान गरिएको छ। ईश्वरपुर नगरपालिका कार्यालयले विद्यार्थी भर्ना अभियान २०८३ को औपचारिक सुरुवात भएको दिन पारेर नगरभित्रका आठवटा सामुदायिक विद्यालयलाई ई–रिक्सा हस्तान्तरण गरेको हो।

ई–रिक्सा प्रदान गर्ने विद्यालयहरुमा जनता प्राथमिक विद्यालय सागरनाथ ईश्वरपुर–४, चन्द्रकुमारी प्राथमिक विद्यालय धनपट्टीडाँडा ईश्वरपुर–७, जनता प्राथमिक विद्यालय खोरियाटेल ईश्वरपुर–९, जनशक्ति प्राथमिक विद्यालय बेला ईश्वरपुर–१०, जनता माध्यमिक विद्यालय करमोहान ईश्वरपुर–११, जनता प्राथमिक विद्यालय नयाँटेल ईश्वरपुर–१२, जनता आधारभूत विद्यालय घाटटेल ईश्वरपुर–१३, र जनता प्राथमिक विद्यालय हरकठवा ईश्वरपुर–१४, रहेका छन्।

सबै विद्यालयलाई मङ्गलबार अपरान्ह नारायण माध्यमिक विद्यालय बयलवासमा कार्यक्रमको आयोजना गरी एक/एक थान ई–रिक्सा हस्तान्तरण गरिएको ईश्वरपुर नगरपालिकाका शिक्षा अधिकृत दिनेश लुइटेलले जानकारी दिनुभयो। उहाँका अनुसार नगरबाट विनियोजित ४० लाख रुपियाँ बजेटले आठवटा विद्यालयलाई ई–रिक्सा प्रदान गरिएको हो।

विद्यालयहरुलाई १० देखि १२

–बाँकी तीन पेजमा

# विपन्न दलित बस्तीमा सामूहिक पक्की शौचालय, मासिक रकम उठाएर व्यवस्थापन

मणिलाल विश्वकर्मा

लहान, १५ वैशाख। आफ्नै घरमा शौचालय नहुँदा व्यक्तिको खेतबारी, बस्तीनजिकै रहेको खोलामा शौच गर्न जान बाध्य सिरहाको लहान नगरपालिका– १७ बलानसेर गाउँमा सामूहिक रुपमा प्रयोग गर्नेगरी सुविधा सम्पन्न शौचालय हस्तान्तरण गरिएको छ। वर्षौंदेखि व्यक्तिको निजी



जग्गामा बसोवास गर्दै आएको विपन्न दलित बस्तीलाई लक्षित गरी धारा, पानी, बिजुलीको सुविधासमेत रहेको सामूहिक शौचालय सोमबार हस्तान्तरण

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## स्वच्छ शहरः स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं,
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं,
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- ध्वनि र वायु प्रदूषण कम गरौं,
- सडकको समयसमयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।
- शहरलाई सफा राखौः सुन्दर बनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## विस्थापित बालबालिकाको शैक्षिक भविष्य अन्धकारमा नपरोस् !

शैक्षिकसत्र २०८३ आजदेखि सुरु भएको छ भने पढाइ वैशाख २१ गतेदेखि सुरु गर्ने तयारी छ। देशभरका बालबालिकालाई विद्यालयमा भर्ना गर्न अभिभावकहरू व्यस्त छन्। दुर्भाग्य, गत शनिवार र आइतवार हटाइएका अनधिकृत बस्तीबाट विस्थापित बालबालिकाको भने पढाइमात्र होइन गाँस र बासको समेत ठेगान छैन। विस्थापित बालबालिकाको पढाइ रोकिनुको अर्थ उनीहरूको भविष्य नै बर्बाद हुने जोखिममा पर्नु हो। तर संघ र स्थानीय सरकारले मात्र होइन बालबालिकासँग काम गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय संस्थाहरूले समेत तिनको पढाइ र भविष्यप्रति खासै चासो लिएको देखिएन। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले स्थानीयतहलाई निर्देशन जारी गर्नेबाहेक सरकारी अधिकारीहरू प्रयास सामाजिक सञ्जालमा सीमित देखिन्छ।

विस्थापित परिवार पहिले त सरकारको सम्पर्कमै जान डराएका छन्। सामाजिक सञ्जालमा उनीहरूको राक्षसीकरण गरिएका कारण मानसिकरूपमा पनि व्याकुल देखिन्छन्। यसबीच हटाइएका बस्तीका बस्दैआएका विस्थापितहरूको पीडा र व्यथा बिस्तारै सार्वजनिक भइरहेका छन्। यद्यपि, तिनको विस्थापनमा रमाउने परपीडक प्रवृत्ति पनि सामाजिक सञ्जालमा व्यापकै छ। सरकारी अधिकारीहरूले सामाजिक सञ्जालभन्दा बाहिर निस्केर मानवीय तथा वैधानिक कर्तव्यका बारेका ध्यान दिने हो भनेमात्र विस्थापितहरू र विशेषगरी बालबालिकाका कहालीलाग्दा समस्या थाहा पाउनेछन्। वर्षा सुरु हुने बेलामा बस्दैआएको ठाउँबाट विस्थापित हुनेहरूको पीडा त नभोग्नेहरूले बुझ्न मुस्किलै हुन्छ तर तिनको समस्या समाधानमा सहयोग भने राज्य र समाजले गर्नसक्छ ।हुनत, सबै विस्थापित परिवारले गाँस र वासको मात्र होइन स्वास्थ्य र रोजगारीको पनि समस्या भोगिरहेका हुन्छन्। तर, तिनका पनि गर्भवती, सुत्केरी, ज्येष्ठनागरिक, अपाङ्गता भएका र बालबालिकाको जीवन कुनै पनि सङ्कटमा जस्तै विस्थापित हुँदा अरूको भन्दा थप कष्टकर हुन्छ। यिनमा पनि बालबालिकाको त भविष्य नै अन्योल पुग्छ। अहिलेको विस्थापनमा देशभर कति बालबालिका विस्थापित भएका छन् र उनीहरूको शिक्षा तथा स्वास्थ्यमा केकस्तो प्रभाव परेको छ भन्ने अध्ययन त परैजाओस् सरकारले सही तथ्याङ्कसमेत सङ्कलन गरेको देखिँदैन। हुर्कँदै गरेका बालबालिकामा घरबारविहीन हुनुपर्दा मानसिक आघातसमेत परेको हुनसक्छ।

बस्तीका पुराना साथीहरूमध्ये धेरै कोही कता त कोही कता पुगेका होलान्। यस्तै कतिपयलाई पुरानो विद्यालयमा फेरि पढ्ने अनुकूल पनि नमिल्ला। नयाँ विद्यालयमा भर्ना हुनेदेखि पुस्तक, पोसाक जुटाउने चिन्ताले अभिभावकमात्र होइन बालबालिकासमेत चिन्तन र तनावमा परेका हुनुपर्छ। उठीबास लगाइएका बालबालिकाले बस्ती कानुनी थियो कि गैरकानुनी थियो भन्ने अहिले नबुझ्दैनन्। यस्तै सरकारी अधिकारीहरूको फेसबुके सान्त्वना र आश्वासन पनि तिनको पहुँचमा हुँदैनन्। यस्तो अवस्थामा राज्यले भरथेग नगरेर उनीहरूको पठनपाठन रोकियो वा बेघर हुनुको पीडा र आक्रोश लिएर हुर्के भने त्यो सबैभन्दा प्रत्युत्पादक हुनेछ।

बालबालिकाप्रतिको राज्यको कर्तव्य, अन्तर्राष्ट्रिय बालअधिकार महासन्धि, नेपालकै विभिन्न कानुनहरूका सबैभन्दा बढी मानवीयताका आधारमा सरकारी अधिकारीहरूले विस्थापित बालबालिकालाई कक्षा १२ को परीक्षालगायत नयाँ कक्षामा भर्नासमेतका लागि सहजीकरण गर्न प्राथमिकता वास्तवमै दिऊन्। यस्तै यी बालबालिकालाई मनोविमर्शको खाँचो हुनसक्ने हुनाले स्वास्थ्यसँगै बालमनोविमर्श सेवा पनि उपलब्ध गराउनुपर्छ।

नेपाल सरकारले बस्ती उठाउन अगुवाइ गरेकाले बालबालिकाको संख्या र शैक्षिक, स्वास्थ्य र मनोविमर्श आवश्यकताको निश्चित समयतालिकासहितको अभिलेख तयार गर्नुपर्छ। अभिलेखमा सकेसम्म बालबालिकाको विस्तृत वैयक्तिक विवरण तयार गरी सम्बन्धित स्थानीय पालिकालाई जानकारी तथा आवश्यक स्रोतसाधनसमेत सरकारले उपलब्ध गराउनु उचित हुनेछ। संघ सरकारले समन्वय र सहजीकरण गर्ने, सम्बन्धित पालिकाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाको सहयोगसमेत लिएर परिचालन गरेमा समस्या अपेक्षाकृत छिटै र सजिलै समाधान हुनसक्नेछ। यसमा सघाउन स्वयंसेवी संघसंस्था पनि पक्कै तयार हुनेछन्। हेक्कारहोस् बालबालिकाको शिक्षा, स्वास्थ्य र मानसिक आघातको समस्या समाधान गर्न पर्खाउनु उनीहरूको भविष्य अन्धकारमा धकेल्नु हो।

बालबालिकाप्रतिको कर्तव्य पूरा गर्न सरकारले देखाउने तदारुकता यथार्थमा सरकारको नियतको कसी पनि हुनेछ। बालबालिकालगायत विस्थापित समुदाय मानवीय सङ्कटमा परेका खण्डमा सरकारको विश्वसनीयता समाप्त हुनेछ। तर, बस्तीबाट उठाइएका विस्थापित परिवार र विशेषगरी बालबालिकाको समुचित व्यवस्थापन भयो भने सरकारले आगामी कदमहरूमा अपेक्षाकृत सहजै जनविश्वास र साथ पाउनेछ।

# सीमामा कडाइले खलबलिँदै रोटी–बेटी सम्बन्ध




**मिथिलेश यादव**

लहान, १५ वैशाख। सिरहा नगरपालिका–१५ बुधौरास्थित दसगजामा दुई देश छुट्याउन गाडिएको पिलरले देशको सीमा छुट्याएको छ। दुई देशको सीमा छुट्याउन गाडिएको २६६/१ र २६६/२ नम्बरको पिलरले देशको सीमांकन गरिदिए पनि वारिपारिको जनताको मनोविज्ञान भनेर जोडिएकै छ। सिरहा नगरपालिका–२० मा वारि लगडिगदियानी र पारि लगडीबिचको सीमा आरपी २८ नम्बरको स्तम्भले छुट्याएको छ तर दुवैतिरका स्थानीयमा आफूहरू अलगअलग देशका हौं भन्ने महसुसै हुँदैन। टाँसिएकै गाउँ, एउटै परिवेश, एउटै संस्कृतिका कारण परिवार जसरी मिलेर बसेका छन् उनीहरू। लगडिगदियानीमा यादव र मुखिया जातिका परिवारको बसोबास छ। वारि लगडिगदियानीतर्फ यादव समुदायको बाक्लो बसोबास छ। आफूहरूबिच दुई देशका हौं भन्ने हेक्कै नभएको चन्देश्वर यादवले बताए। 'हिँडडुल गर्दा पनि हामी सीमा बिर्सिन्छौं,' उनले भने।

उनीहरू सधैं एकअर्कालाई भरथेग गर्छन्। आँगनमै आरपी २८ नम्बरको स्तम्भ रहेको लगडीका ज्ञानी मुखिया र वारिका देवेन्द्र यादवबिच पनि उस्तै सीमाविहीन सद्भाव छ। देवेन्द्र टेन्ट हाउसको व्यवसाय चलाउँछन् र ज्ञानी मजदुरी गर्छन्। देवेन्द्र विवाहलगायत आयोजनमा टेन्ट र साउन्ड सिस्टम लिएर पारि पुग्छन्। मुखिया पारिको मजदुरी काम भ्याएपछि नेपालतर्फ खट्छन्। ५० वर्षीय ज्ञानीले भने, 'हामी सुकुम्बासी दुवैतर्फ ज्यालामजदुरीमा खटेर गुजारा चलाउँछौं। नेपाली गाउँसहरमा काम गर्दा फरक देशजस्तै लाग्दैन।' २५ वर्षीय देवेन्द्रले पनि थपे, 'जता काम पाइन्छ उतै जान्छौं। देश मात्रै फरक हो, काम र रुपैयाँ बराबर पाइन्छ।'

देश भिन्न भए पनि श्रम, संस्कार, रीतिरिवाज, भाषा केही फरक नभएको लगडीका चन्देश्वर यादवले बताए। 'श्रम, संस्कारसँगै वैवाहिक सम्बन्धले हामी झन् नजिकिएका छौं,' उनले भने। लगडीगदियानीका (वारि) मिथिलेश झा वारिपारिका साझा पुरोहित हुन्। उनले भने, 'सीमावर्ती गाउँसहरको संस्कार र संस्कृतिमा कुनै फरक छैन। पारिको गाउँमा विवाह गराउँदा पनि फरक देशमा आएको हेक्कै हुन्न।'

नेपाल र भारतबिचको सम्बन्धलाई 'रोटी र बेटी'को सम्बन्ध भनिन्छ। त्यस सम्बन्धको एउटा महत्वपूर्ण आधार दुई देशबिचको करिब एक हजार सात सय किलोमिटर लामो खुला सीमा नै हो। राजधानी काठमाडौं र नयाँ दिल्लीबिच सम्बन्ध जस्तो भए पनि सीमाको दुवैतिरका बासिन्दा अनेकौं रूपमा आबद्ध छन्। त्यसैले तिनको सम्बन्ध राजनीतिक परिधिभन्दा धेरै फराकिलो र कसिलो छ। 'रोटी र बेटी'को सम्बन्धको प्रगाढताजस्तै सीमा क्षेत्रमा दुई छिमेकबिच अनेकौं विवाद र नमिलेका विषय पनि छन्। नेपाल र भारतका सरकारी कर्मचारी तथा राजनीतिक नेतृत्वले छिमेकीबिच रहेका साधारण विवादका विषयदेखि सीमा क्षेत्रको अपराध, तस्करी, सिमाना विवाद, व्यापार आदि विषयमा विद्यमान समस्या छ। काठमाडौं र नयाँ दिल्लीबीचको सम्बन्धको उतारचढावले सीमा क्षेत्रको दुवैतिर बसोबास गर्ने सर्वसाधारण जनताको सौहार्दतामा खासै तलमाथि हुँदैन।

तर सरकारले सीमावर्ती भारतीय बजारबाट एक सय रुपैयाँभन्दा बढी मूल्यका सामान किनेर ल्याउँदा भन्सार बिन्दुमा महसुल चुक्ता गर्नुपर्ने नियमलाई कडाइका साथ लागु गरिरहेको छ। सशस्त्र प्रहरीले नाका क्षेत्रमा माइकिङ गरेर सय रुपैयाँभन्दा बढीका सामानमा भन्सार महसुल अनिवार्य गरिएको जानकारी गराइरहेको छ। सुरक्षाकर्मी र भन्सार कर्मचारीले नाकामा सामान जाँचमा कडाइ गरेका छन्। यसले सीमाञ्चलका बासिन्दाको रोटीको सम्बन्ध ( व्यपारिक सम्बन्ध) मा खलबलिएको छैन। बेटीको सम्बन्ध पनि खलबलिएको छ।

१० दिनअघि भारत जयनगरका रामकलादेवी महरा आफ्नी छोरीको विवाहका लागि जनकपुरधामस्थित जानकी मन्दिर चयन गरिन्। आर्थिक अवस्था कमजोर उनले छोरीको विवाह गर्न मन्दिर रोजिन्। तर छोरीलाई बिदाइमा दिइने व्यावहारिक सरसामान उनले जयनगरबाट लिएर जाँदै थिइन्। कारण पारि सामान सस्तो हुन्छ। सामानसहित जटही बोर्डर पार गरेपछि नेपाली भन्सारमा उनको गाडी रोकियो। जहाँ उनलाई सामान (कुर्सी, पलङ आदि) को भन्सार राजस्व तिर्न भनियो। उनले निकै बेर त्यहाँ तायनाथ सुरक्षाकर्मी र भन्सार कर्मचारीसमक्ष हारगुहार गरिन्। तर कसैले पनि उनको भावना बुझिदिएन। समय घर्किंदै गएपछि उनी रन्थनिँदै घरी सुरक्षाकर्मी त घरी भन्सारकर्मचारीलाई बिन्ती बिसाउँथिन्। बेहुला पक्ष मन्दिरमा प्रतीक्षा गरिबसेको छ। विवाहको कार्ड देखाउँदै उनले घण्टौं बिन्ती बिसाइन् तर कसैले उनको बाध्यता सुनिदिएन। उनी भन्छिन्, 'नेपालमा छोरी विवाह नगर्न कानुन ल्याउनुपर्‍यो। होइन भने छोरीलाई बिदाइमा दिने सरसामान पहिला जस्तै निर्बाध जान दिनुपर्‍यो। अहिलेको यो कडाइले नेपालमा छोरीको विवाह गर्न सोच्नुपर्ने भयो। तस्करी रोक्ने नाममा दुई देशबिचको रोटी–बेटी सम्बन्ध खलबलिनुहुँदैन।'

**जनतालाई सास्ती, तस्करको रजाइँ**

दुई दिनअघि जयनगर प्रहरीले मदिरासहित धनुषा जिल्लाको इनर्वा निवासी २१ वर्षीय दिपु सहनीलाई पक्राउ गर्‍यो। २८ बोतल मदिरासहित सहनीलाई पक्राउ गरिएको थियो। वारिबाट मदिरा तस्करी गर्नेहरू जयनगर प्रहरीले पक्राउ गरेको यो पहिलो घटना भने होइन। प्रत्येक साता वारिबाट मदिरा पारि तस्करी गर्ने गिरोह र व्यक्तिलाई जयनगर प्रहरीले पक्राउ गर्दै आएको जनाइएको छ। पछिल्लो समय सिरहाको ठाढी नाका क्षेत्रमा पर्ने गमहरिया, झाझपट्टी, बरियारपट्टी नाकाको जानकीनगर, गरगमना, माडर नाकाको बुधौराबाट मदिरा पारि तस्करी हुँदै आएको सीमाक्षेत्रका स्थानीय बताउँछन्। नाकामा सर्वसाधारणलाई कडाइ गरिए पनि तस्करका लागि घुमुवाहरूले नै सुरक्षित बाटो बनाइदिएको स्थानीयहरू बताउँछन्।

तीन महिलाअघि प्रस्तावित सीमा सुरक्षा गुल्म माडरको कामन्ड सम्हाल्न आइपुगेका डिएसपी विजय हमाल आएदेखि नै तस्करसँगको हिमचिमले विवादित बनेका थिए। सर्वसाधारणसँग रुखो र तस्करसँग हँसिलो व्यवहारका कारण उनी यस भेगमा चर्चा कमाएका थिए। आइतबार माडर भन्सार कर्मचारीको भारतीय नम्बर प्लेटको मोटरसाइकल चढेर डिएसपी हमाल बरियारपट्टी आइपुगेका थिए। यहाँको पेट्रोलपम्प छेवैको चिया पसलअगाडि मोटरसाइकल रोकेर चिया खान बसेका स्थानीयसँग विवाद गरे। उनले स्थानीय युवालाई अश्लील गाली गरेपछि अवस्था तनावग्रस्त बनेको सञ्जय यादवले बताए। सशस्त्र प्रहरीका डिएसपी हमालको व्यवहारप्रति आपत्ति जनाउँदै प्रतिवादमा उत्रिएका स्थानीयले 'भारतीय नम्बर प्लेटको मोटरसाइकल प्रयोग गर्ने तपाईं तस्कर होइन अनि हामी कसरी तस्कर ?' भन्दै प्रश्न गरेका थिए। स्थानीय युवाहरूले उनको भिडियो खिचेर सामाजिक सञ्जालमा हालेपछि भाइरल बनेको थियो। भिडियो खिच्न थालेपछि डिएसपी हमाल हेलमेट लगाएर बिआर ०६ डिवाई ३०४१ नम्बरको मोटरसाइकल चढी देखाइदिन्छु भन्दै गएको देखिन्छ। सो भिडियोमा डिएसपी हमाल आक्रोशित हुँदै 'तिमीहरू तस्कर हौ' भनेको सुनिन्छ।

विवादपछि स्थानीयहरूले सिरहा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य शिवशंकर यादवलाई घटनास्थलमा बोलाएको थियो। स्थलगत निरीक्षणपछि सांसद यादवले सम्पूर्ण स्थानीयलाई तस्करको संज्ञा दिनु गैरकानुनी र अनुचित भएको बताएका छन्। उनले प्रहरीको पोसाकमा भारतीय नम्बर प्लेटको सवारीसाधन प्रयोग गरी नागरिकलाई त्रसित पार्ने काम स्वीकार्य नभएको भन्दै घटनाबारे अनुसन्धान गरी आवश्यक कारबाही अघि बढाउनुपर्ने बताए। स्थानीयले प्रहरीको व्यवहारप्रति आपत्ति जनाउँदै विवादमा संलग्न प्रहरीमाथि कारबाहीको माग गरेका छन्। यता सशस्त्र प्रहरी बल सिरहाका एसपी सुमनजंग थापाले स्थानीय र प्रहरीबिचको विवादका कारण डिएसपी हमाललाई सशस्त्र प्रहरी बल मधेस प्रदेश बाहिनी–२ महोत्तरी हेडक्वाटर तानिएको जानकारी दिएका छन्।

## कर्मचारी आवश्यक्ता सम्बन्धि सूचना

**मिति २०८३/०१/१४ गतेको राष्ट्रिय पत्रिका नेपाल समाचारपत्र मा पकाशित सूचना बमोजिम**

यस सहकारी संस्थाको लागि तपसिलमा उल्लेख भए अनुसारको कर्मचारीहरुको आवश्यक्ता भएको हुँदा ईच्छुक योग्य उम्मेदवारहरुले यहि मिति २०८३ बैशाख १४ गते देखि मिति २०८३ बैशाख २९ गते सम्ममा राजश्रीको प्रधान कार्यालय मलंगवा लगायत राजश्री प्र.का. मातहतका सबै सेवाकेन्द्रहरुमा कार्यालय समय भित्र सम्पर्क गरि दरखास्त दिनहुन आव्हान गरिन्छ ।

तपसिल

| | | |
|---|---|---|
| विज्ञापन नं. | : | ०१/०८२/०८३ |
| पद | : | कम्प्युटर अपरेटर |
| तह | : | सहायक तृतीय |
| पद संख्या | : | ३० जना |
| किसिम | : | स्थायी |
| शैक्षिक योग्यता | : | मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ वा सो सरहको परिक्षा उतीर्ण भएको हुनु पर्नेछ । नेपाल बाहिरको शैक्षिक संस्थाबाट प्राप्त प्रमाणपत्रको हकमा समकक्षताको प्रमाणपत्र पेश गर्नु पर्नेछ । |
| कम्प्युटरको तालिम | : | मान्यता प्राप्त कम्प्युटर प्रशिक्षण केन्द्रबाट कम्तिमा ६ महिने तालिम पुरा गरेको हुनुपर्नेछ । |
| अनुभव | : | समान स्तरको संस्था वा अन्य वित्तिय संस्थामा काम गरेको अनुभव भएकोलाई विशेष प्राथमिकता दिईने छ । |
| धनजमानी | : | सिफरिस भएका उम्मेदवारले संस्थाको नियमानुसार धितो धनजमानी राख्नु पर्नेछ । |
| उमेर | : | १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको । |

***नोट*:-**

१) मांग अनुसार रित नपुगेको निवेदकलाई परिक्षामा सहभागि गराईने छैन ।
२) कर्मचारीहरुको सेवा, शर्त, तलब तथा अन्य सुविधाहरु यस संस्थाको नियमानुसार हुनेछ ।
**३) परिक्षा किसिम** :-
  क) लिखित परिक्षा :- मिति २०८३/०२/०९ गते शनिवार
  ख) प्रयोगात्मक/मौखिक :- सूचना टाँस गरि जानकारी गराईनेछ ।
४) फारम दस्तुर :- १,१००/- (अक्षरेपि रु. एकहजार एकसय मात्र)
५) अन्य जानकारीको लागि राजश्री प्र.का. लगायत मातहतका सबै सेवाकेन्द्रहरुमा सम्पर्क गर्नहुन ।

**राजश्री सेविंग्स एण्ड क्रेडिट को-आँपरेटिभ सोसाईटी लि०**
**प्रधान कार्यालय मलंगवा, सर्लाही**

**सम्पर्क नं.: ०४६-५२११३३ ईमेल : rajshreecop2052@yahoo.co.in**

**सेवाकेन्द्रहरुको सम्पर्क नम्बर**

**लालबन्दी, सर्लाही-०४६-५०१२२७ / बरहथवा, सर्लाही-०४६-५४००२८**
**ईश्वरपुर, सर्लाही-०४६-५७५१३३ / जनकपुर, धनुषा-०४१-५२३३७८**
**जलेश्वर, महोत्तरी-०४४-५२०८७४ / गौर, रौतहट-०५५-५२११०३**
**गरूडा, रौतहट-०५५-५६५०५३ / मिर्चैया, सिरहा-०३३-५५०३५६**
**लहान, सिरहा-०३३-५६५३२० / ईटहरी, सुनसरी-०२५-५८६४५१**
**ईनरूवा, सुनसरी-०२५-५६५८७३ / विराटनगर, मोरङ्ग-०२१-५१६५८३**
**वीरगंज, पर्सा-०५१-५३१६७३ / सिनामंगल, काठमाण्डौं-०१-४५८७५३३**

# जनकपुरधाम धार्मिक पर्यटन केन्द्र बन्दै

**अजय शाह**

महोत्तरी, १५ वैशाख। मैथिली भाषाको कर्णप्रिय गीत "याह छी हमर जनकपुर, यी जनकक गाम जनकपुर..." प्रायः बिहान सबेरै जनकपुरधाम क्षेत्रमा गुन्जिने गर्दछ, जसले यहाँको सांस्कृतिक जीवन्तता झल्काउँछ। धार्मिक, ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको प्राचीन सहर जनकपुरधाम पछिल्ला वर्षहरूमा प्रमुख धार्मिक पर्यटन गन्तव्यका रूपमा स्थापित हुँदै गएको छ। मधेश प्रदेशको राजधानीसमेत रहेको जनकपुरधाम प्राचीन मिथिला राज्यका राजा जनकको राजधानी, भगवान् रामको ससुराली तथा आदर्श नारी सीताको जन्मस्थलका रूपमा परिचित छ। यस कारण यहाँको धार्मिक महत्व अत्यन्त उच्च मानिन्छ। जनकपुरधामका प्रमुख आकर्षणमा जानकी मन्दिर (नौलखा मन्दिर), राम मन्दिर, लक्ष्मण मन्दिर, रङ्गभूमि क्षेत्र नजिकको संकटमोचन हनुमान मन्दिरलगायत रहेका छन्। साथै रसिक निवास, अग्निकुण्डकुटी, विहारकुण्ड, रानीपाटी, पिपराकुटी र हनुमत दरबारजस्ता धार्मिक तथा ऐतिहासिक स्थलहरूले पनि पर्यटकलाई आकर्षित गर्दै आएका छन् ।

गङ्गासागर, धनुषसागर, रामसागर, रत्नसागर, अग्निकुण्ड र अन्य धार्मिक सरोवरहरूको उपस्थितिले जनकपुरको आध्यात्मिक महत्वलाई अझ उच्च बनाएको छ। विवाह पञ्चमी, रामनवमी, जानकी नवमी, छठ, झुला र परिक्रमाजस्ता धार्मिक पर्व तथा उत्सवहरूले यहाँको पर्यटनलाई थप जीवन्त बनाएका छन्। यस्ता अवसरमा आन्तरिक तथा बाह्य पर्यटकको उल्लेख्य भीड लाग्ने गरेको छ। धार्मिक ग्रन्थहरू जस्तै वाल्मीकि रामायण, भागवत पुराण र विष्णु पुराणमा जनकपुरलाई पुण्यभूमि, तपोभूमि तथा महत्वपूर्ण तीर्थस्थलका रूपमा वर्णन गरिएको पाइन्छ। श्रीसीतायनमा समेत ज न क प ु र धा म ला इ ‘सच्चिदानन्दधाम’का रूपमा व्याख्या गरिएको उल्लेख छ।

इतिहास तथा पौराणिक कथनअनुसार जनकपुरमा वैदिक कालदेखि नै तीर्थयात्रीको आगमन हुँदै आएको पाइन्छ। विदेह माधवदेखि याज्ञवल्क्य, गार्गी, मैत्रेयी, अष्टावक्रजस्ता ऋषिमुनिहरू यहाँ आएर तत्वमीमांसा तथा ज्ञानचर्चामा संलग्न भएको उल्लेख विभिन्न ग्रन्थमा पाइन्छ। त्यसैगरी, जैन धर्मका २४औँ तीर्थंकरको जन्मभूमिसमेत जनकपुर क्षेत्र रहेको विश्वास गरिन्छ भने महावीरले यहाँ केही समय बिताएको प्रसङ्ग पनि पाइन्छ। बौद्ध ग्रन्थहरूमा समेत जनकपुरको चर्चा गरिएको छ।

सन् ६४३ तिर चिनियाँ यात्री ह्वेनसाङ जनकपुर आएको कुरा आफ्नो यात्रावृत्तान्तमा उल्लेख गरेका छन्। पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियानका क्रममा सन् १७६७ मा किनलकको नेपाल प्रवेश पनि जनकपुर हुँदै भएको इतिहासमा उल्लेख छ। आधुनिक कालमा विदेशी स्वयंसेवक, अनुसन्धानकर्ता तथा कलाकारहरूको आगमनले पनि जनकपुरको अन्तर्राष्ट्रिय पहिचान विस्तारमा योगदान पुऱ्याएको छ। जनकपुर वरपरका धनुषाधाम, जलेश्वरनाथ मन्दिर र गिरिजास्थानजस्ता क्षेत्रहरूले पनि धार्मिक पर्यटनलाई थप सुदृढ बनाएका छन्।

संस्कृतिविद् डा. रामदयाल राकेशका अनुसार धार्मिक पर्यटन विश्वकै सबैभन्दा पुरानो पर्यटन स्वरूप हो र जनकपुरमा यसको ठुलो सम्भावना रहेको छ। त्यस्तै, अन्वेषक डा. राजेन्द्रविमलले यहाँका मठमन्दिर र मूर्तिहरू ऐतिहासिक उत्थान र पतनका साक्षी भएको बताउनुभएको छ। पर्यटनशास्त्री एच. रबिन्सनका अनुसार आकर्षक वातावरण, ऐतिहासिक सम्पदा, सहज पहुँच र आतिथ्य सत्कारजस्ता आधारभूत तत्व जनकपुरमा विद्यमान रहेकाले यसलाई योजनाबद्ध रूपमा विकास गर्न सकिने देखिन्छ।

सेप्टेम्बरदेखि डिसेम्बरसम्मको समय यहाँ भ्रमणका लागि उपयुक्त मानिन्छ। यस अवधिमा मिथिलाका प्रमुख चाडपर्व पर्ने भएकाले पर्यटकको बसाइ थप आकर्षक हुने गर्दछ। पछिल्ला वर्षहरूमा भारतीय तथा आन्तरिक पर्यटकको आगमन वर्षभरि नै बढ्दो क्रममा रहेको छ। होटेल तथा पर्यटन व्यवसायी महासंघ मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतमले काठमाडौँ–पोखरा–चितवन केन्द्रित पर्यटनलाई विस्तार गरी जनकपुरलाई प्रमुख गन्तव्यका रूपमा विकास गर्न सकिने बताउनुभयो।

त्यसैगरी, प्राध्यापक डा. भोगेन्द्र झा ‘व्यथित’ ले जनकपुरलाई ‘विवाहभूमि’का रूपमा ब्रान्डिङ गरी नवविवाहित जोडीहरूको अन्तर्राष्ट्रिय गन्तव्य बनाउन सकिने धारणा व्यक्त गर्नुभएको छ। सरकारले आर्थिक वर्ष २०८१/८२ को बजेटमा जनकपुरलाई विवाह र लुम्बिनीलाई बर्थिङ हबका रूपमा विकास गर्ने कार्यक्रम समावेश गरे पनि कार्यान्वयन अझै प्रभावकारी हुन सकेको छैन।

यसरी ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरले समृद्ध जनकपुरधामलाई व्यवस्थित योजना, पूर्वाधार विकास र प्रभावकारी प्रवर्द्धनमार्फत अन्तर्राष्ट्रिय धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्न सकिने विज्ञहरूको भनाइ छ।

## *सामुदायिक ...*

जना अट्ने ई–रिक्सा प्रदान गरिएको हो। ई–रिक्सा सञ्चालनका लागि विद्यालयका कार्यालय सहयोगी र बाल विकास शिक्षकलाई १० दिने तालिमसमेत प्रदान गरिएको ईश्वरपुर नगरपालिका कार्यालयले छ। सामुदायिक विद्यालयलाई टाढाका विद्यार्थी विद्यालयसम्म ल्याउन सहजहोस् भन्ने उद्देश्यसहित ई–रिक्सा प्रदान गरिएको नगरप्रमुख मनोजकुमार आचार्यले बताउनुभयो। नगरप्रमुख आचार्य, उपप्रमुख रन्जितादेवी चौधरीलगायत भएर सम्वन्धित विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिका अध्यक्षलाई ई–रिक्सा हस्तान्तरण गर्नुभएको छ।

सोही अवसरमा नगरपालिका कार्यालयले नगरभित्र अवकाश प्राप्त शिक्षक र हाल कार्यरतमध्ये उत्कृष्ट शिक्षकलाई सम्मानसमेत गरेको छ ।

## *विपन्न दलित ...*

गरिएको हो। बलान खोला वारी एकाध घर जस्ता र बाँकी प्रायः फुसले छाएको गुजमुज्ज मुसहर बस्तीका ३६ घरधुरीमा बसोवास गर्दै आएका ९४ महिला, ८३ पुरुष गरी १७७ तथा चार अपांगता भएकाहरुका लागि करिब साढे ३५ लाख रुपैयाँ लागतमा निर्माण गरिएको १२ वटा शौचालय, १० वटा हात धुने स्टेशन र दुई वटा बेसिनसहितको संरचना नगर प्रमुख महेशप्रसाद चौधरीले रिवन काटेर उद्राटन गर्दै हस्तान्तरण गरे ।

शौचालय हस्तान्तरण गर्दै उनले खानेपानी, सरसफाइ तथा स्वच्छतामा दलित बस्तीको पनि पहुँच पुर्याउन नगरपालिकाको समेत साझेदारीमा शौचालय निर्माण गरिएको बताए। दलित बस्तीका बालबालिकालाई नियमित विद्यालय पठाउन आग्रह गर्दै उनले त्यसका लागि कापीकलम नगरपालिकाले व्यवस्थापन गर्ने उल्लेख गरे। सामूहिक शौचालय बस्तीको मात्र नभई सिंगो नगरको सरसफाइको शान भएकाले सुरक्षासहित प्रयोग गर्न आग्रह गर्दै उनले शौचालय प्रयोग गरेपछि आफैंले नियमित सफा गर्ने बानी बसाल्न आग्रह गरे ।

शौचालय निर्माणका लागि लहानका राजनीतिकर्मी तथा समाजसेवी अनिल महतो र सुनिल महतोले आफ्ना दिवङ्गत बाबु रामलोचन महतो र आमा गोदावरीदेवी महतोको सम्झनामा करिब १५ लाख रुपैयाँ मूल्यको १५ धुर जग्गा उपलब्ध गराएका साझेदार संस्था दलित जनकल्याण युवा क्लवका कार्यकारी निर्देशक विनोदकुमार विसुन्केले बताए। उनका अनुसार क्लवसहित लहान नगरपालिका, नेपाल खानेपानी संस्थान, वाटर एड नेपालको साझेदारीमा विकन परियोजनाअन्तर्गत हस्तान्तरण गरिएको शौचालय प्रयोग गर्ने बस्तीमा ६ स्वस्थ्यकर व्यवहार परिवर्तनसम्बन्धी कक्षा संचालन गरिने छ।

घर घरमा धाराको स्वच्छ खानेपानीको प्रयोग र शौचालय जान थालेसँगै बस्तीलाई पूर्ण सरसफाइको दिशामा लैजान सहज हुने परियोजना प्रबन्धक राजेश लोहनीले बताए।

**हरेक तीन घरलाई एक शौचालय**

भवनमा दुई ब्लक गरी ११ वटा सामान्य र एउटा अपांगमैत्री शौचालय बनाइएको छ। लहान–१७ वडा कार्यालयसँगको समन्वयमा निर्माण गरिएको हरेक शौचालय बस्तीका तीन/तीन परिवारले प्रयोग गर्ने गरी हस्तान्तरण गरिएको हो। शौचालय प्रयोग गरेपछि सरसफाई गर्ने, धाराको टुटी, हात धुने ठाउँको सुरक्षा, साबुनसहित सरसफाइ सामग्री खरिद र मर्मत सम्बन्धी कामको जिम्मबारी प्रयोगकर्ताको रहने गरी बस्तीका मानिसहरुले नियम बनाएर कार्यान्वयन थालेका छन् ।

शौचालयको व्यवस्थित संचालनका लागि बस्तीका नौजना रहेको गोपीकृष्ण बलान सामुदायिक शौचालय संचालन र व्यवस्थापन समिति गठन गरिएको अध्यक्ष सीतादेवी सदायले बताइन्। उनका अनुसार शौचालय संचालन र मर्मतका लागि समुदायले नै मासिक रुपमा पछिल्लो तीन महिनादेखि प्रति घरधुरी मासिक एक सय रुपैयाँ जम्मा गर्न थालेका छन्।

‘दिसा पिसाव गर्न बिहान उज्यालो नहुँदै बलान खोला, गाउँ नजिकै रहेको खेतबारीमा जानु पर्दा साह्रै पीडाबोध हुन्थ्यो’ बस्तीकी करिब ६३ वर्षीया शंकरिया सदायले भनिन् ‘त्यही कारणले बस्तीनजिकै जमिन भएकाहरुले गर्दै आएको गालीगलौज अब चाहिँ सहन नपर्ने भयो।’ बस्तीको मध्यभागमा पूर्वतर्फ दुई ब्लकमा बनाइएको शौचालय स्थानीयले सधैं प्रयोग गर्ने, खुला दिसा पिसाव नगर्ने र गर्न नदिने, सुरक्षित खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी अभ्यास दैनिक व्यवहारमा उतार्ने, शौचालय सधैं सफा राख्ने लगायत ६बुँदे प्रतिबद्धता जनाएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# वडा अध्यक्ष र वडा कर्मचारीको निजी प्रयोजनामा सरकारी राजस्व खर्च




शारदा पोखरेल

बारा, १५ वैशाख। जीतपुरसिमरा उपमहानगरभित्रका वडा कार्यालयहरूले पालिकाको सरकारी राजस्व रकम निजी प्रयोजनमा खर्च गरेको भेटिएको छ। वडा कार्यालयहरूले घरबाटो सिफारिस, मालपोत, व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, जग्गाको ४ किल्ला प्रमाणित, संस्था नवीकरण लगायतका शीर्षकहरूमा नगद राजस्व रकम लिने गर्दछन्।

सो रकम सम्बन्धित वडा कार्यालयले २४ घन्टाभित्र पालिकाको बैंक खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ, तर केही अपवाद बाहेक अधिकांश वडा कार्यालयले महिनौँ दिनसम्म सरकारी राजस्व रकम जम्मा नगर्ने र मिलेमतोमा निजी प्रयोजनमा खर्च गर्ने गरेको उपमहानगरले जनाएको छ। सोमबार (वैशाख १६ गते) लिएको तथ्याङ्कका आधारमा २४ वटा वडा कार्यालयमध्ये सबैभन्दा धेरै वडा नम्बर १६ लेमात्रै ६ लाख ४८ हजार ८९६ रुपैयाँ राजस्व रकम दाखिला गर्न बाँकी रहेको भेटिएको छ।

त्यसैगरी वडा नम्बर ८ ले २ लाख ६९ हजार, वडा नम्बर ९ ले ३ लाख १६ हजार, वडा नम्बर १९ ले ५ लाख ८५ हजार, वडा नम्बर २० ले २ लाख ८५ हजार, वडा नम्बर २४ ले ३ लाख २० हजार, वडा नम्बर २१ ले १ लाख ३६ हजार, वडा नम्बर १३ ले १ लाख २२ हजार, वडा नम्बर ५ ले १ लाख ८१ हजार, वडा नम्बर १४ को ८४ हजार सरकारी राजस्व रकम दाखिला गर्न बाँकी रहेको भेटिएको छ। पालिकाभित्र समयमै राजस्व रकम जम्मा गर्नेमा वडा नम्बर १२ देखिएको छ। सो वडाको ५२० रुपैयाँमात्रै राजस्व दाखिला गर्न बाँकी देखिएको छ।

केही वडा कार्यालयले भने समाचारका लागि सूचना सङ्कलन गर्दै गरेको जानकारी पाएर सोमबार कार्यालय समय बित्नै लाग्दा राजस्व रकम दाखिला गरेको पनि भेटिएको छ। उपमहानगरले वडा कार्यालयलाई मसलन्द खर्चका बापत मासिक १५ हजार बजेट दिने गर्दछ भने आवश्यक जिन्सी सामग्री पालिकाले सिधै पठाउछ। यस आधारमा वडा कार्यालयले सेवाग्राहीसँग लिएको सरकारी राजस्व रकम महिनौँ दिनसम्म किन जम्मा गर्दैनन् भन्ने गम्भीर प्रश्न खडा भएको छ। उपमहानगर, राजस्व शाखाले जनप्रतिनिधि र कर्मचारीले निजी प्रयोजनका लागि खर्च गर्ने र पालिकाले ताकेता गरेपछि मात्रै जम्मा गर्ने गरेको जनाएको छ।

उपमहानगरका योजना शाखा प्रमुख सुदन चौधरीले वडामा बुझेको सरकारी नगद राजस्व रकम २४ घन्टाभित्र पालिकाको खातामा जम्मा गर्न पटक–पटक ताकेता गरिएको बताए। 'बिदाको दिन बाहेक अन्य दिन २४ घन्टाभित्र राजस्व जम्मा गर्नुस् भनेका छौँ, तर केही वडाले महिनौँदिनसम्म जम्मा गर्दैनन्,' चौधरीले भने, 'सरकारी राजस्व समयमै दाखिला नगर्नेलाई कारबाही गर्न नसके पनि पत्र काटेर ताकेता गरेका छौँ।'

उपमहानगरको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ (१) ले जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद रकमको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसमान भए ७ दिनभित्र दाखिला गरी स्रेस्ता खडा गनुपर्ने व्यवस्था छ। अन्यथा राजस्व रकम दाखिला गर्न ढिला गरेमा कुल रकमको १० प्रतिशत जरिबाना गरी सो समेत बुझाउनुपर्ने कानुनी व्यवस्था छ। उपमहानगरको २४ वटा कार्यालयबाट मात्रै वार्षिक ३ करोडभन्दा बढी राजस्व सङ्कलन हुने गर्दछ। सो रकम समयमै पालिकाको खातामा जम्मा नहुँदा साना योजनाहरूको भुक्तानीमा समस्या हुने गरेको राजस्व शाखाले जनाएको छ।

उपमहानगरले चालु आर्थिक वर्षको वैशाख १४ गतेसम्म ११ करोड ७३ लाख ४४ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ। जीतपुरसिमरा उपमहानगर वडा नम्बर १० का वडाध्यक्ष संजय पटेलले वडा कार्यालयको राजस्व रकम मेला महोत्सवमा चन्दा दिनुपर्ने, गरिब तथा विपन्नलाई राहत तथा आर्थिक सहयोगमा खर्च हुने गरेको बताए।

'वडामा मन्त्री, नेता आउँदा चियापानी खुवाउनुपर्छ, गाउँमा बिहे हुँदा चन्दा दिनुपर्छ। जनप्रतिनिधिको भत्ता कहिले आउँछ भन्ने ठेगान हुँदैन। त्यही राजस्व रकमबाटै खर्च हुन्छ,' वडाध्यक्ष पटेलले भने, 'केही दिनका लागि राजस्व चलाए पनि पछि फेरि जम्मा गरिदिइहाल्छौँ।'

कानुनी रूपमा वडाको सरकारी राजस्व रकमप्रति वडा सचिव वा राजस्व बुझ्ने कर्मचारी जिम्मेवार रहन्छन्, तर सो रकम समयमै दाखिला गर्ने/नगर्ने र कहाँ–कुन प्रयोजनमा खर्च गर्ने भन्ने विषयमा वडाध्यक्ष हाबी हुने गर्दछ।

# शेखर गोल्छालाई २४ घण्टाभित्र उपस्थित गराउन सर्वोच्चको आदेश

काठमाडौं, १५ वैशाख। सर्वोच्च अदालतले व्यवसायी शेखर गोल्छालाई सूचना म्याद पाएका मितिले २४ घण्टाभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत बन्दीसहित लिखित जवाफ पेश गर्न आदेश गरेको छ। न्यायाधीश नृपध्वज निरौलाको एकल इजलासले आज बन्दीप्रत्यक्षीकरणको रिट निवेदनमा आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले २४ घण्टाभित्र जवाफ पेश गर्न विपक्षी नेपाल प्रहीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) लाई आदेश गरेको हो।

व्यवसायी गोल्छाका तर्फबाट उहाँकी पत्नी सीमा गोल्छाले बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गर्दै गैरकानूनी तरिकाले थुनामा राखेको भन्दै थुनामुक्त गर्न माग गर्नुभएको थियो। त्यही निवेदनमाथिको सुनुवाइमा अदालतले यो आदेश गरेको हो।

# 'एमआरपी' कार्यान्वयन गर्न खोज्दा वीरगञ्ज भन्सारको जाँचपास रोकियो




पर्सा, १५ वैशाख। वीरगञ्ज भन्सार कार्यालयमा भन्सारजाँच पास रोकिएको छ। भन्सार विन्दुमा आउने सामान तथा स्वदेशमा उत्पादन हुने सामानमा अनिवार्य अधिकतम खुद्रा मूल्य (एमआरपी) कार्यान्वयन गर्न खोज्दा आजदेखि आयातकर्ता तथा स्वदेशी उत्पादनकर्ताले जाँचपास रोकेका हुन्। संघीय सरकारले २०८२ चैत २६ गते सूचना प्रकाशन गरेर भन्सार विन्दुमा आउने सामान तथा स्वदेशी उत्पादनमा हुने सामानमा अनिवार्य रूपमा एमआरपी लागू गर्ने निर्णय गरेको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले व्यापारी तथा व्यवसायीले सरकारले तोकेअनुसार एमआरपी नल्याएपछि आज भन्सार जाँचपासको काम आंशिक रूपमा अवरुद्ध भएको जानकारी दिए। "सरकारको नीतिअनुसार भन्सार विन्दुमा आउने समान तथा स्वदेशी उत्पादन हुने सामानमा अनिवार्य एमआरपी कार्यान्वयन गर्न खाजेका थियौँ, तर आज व्यापारी तथा व्यवसायीले एमआरपी नतोकेर नै वस्तु तथा सामान ल्याउन खोजेकाले आंशिक रूपमा भन्सार जाँचपासको काम रोकिएको छ", उनले भने, "औद्योगिक कच्चापदार्थ, फलफूल तथा तरकारीको जाँचपासको प्रक्रिया भए पनि अन्यको हकमा भने भएको छैन।"

वीरगञ्ज भन्सारमा औसतमा दैनिक ५० देखि ६० करोड राजस्व सङ्कलन हुने गर्छ। सूचना अधिकारी विष्टले सरकारको अनिवार्य रूपमा एमआरपी लागू गर्ने नीतिलाई सहयोग गर्न व्यापारी तथा व्यवसायीलाई अनुरोध गरेका छन्। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले एकाएक एमआरपी लागू गर्न सम्भव नभएको र यसले आयात तथा आन्तरिक बजारमा नकारात्मक प्रभाव पार्ने बताए। "वीरगञ्जलगायत मुलुकका अधिकांश भन्सार कार्यालयबाट आयातित सामानको भन्सार जाँचपास भएको छैन", उनले भने, "यसले मुलुकको आपूर्ति शृंखलामा नकारात्मक असर पर्ने, राजस्व उठ्न समस्या हुने भएकाले तत्काल समस्याको समाधान गरिनुपर्छ।"

संघले उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६ को उपदफा (ञ) मा व्यवस्था भएको भनी सरोकार भएकाहरूसँग व्यापक छलफल नै नगरी निर्णय गरेकाले समस्या भएको बताए। अध्यक्ष गौतमले भने, "सरकारले निश्चित केही सामानमा मात्रै लगाएर सुरुआत गर्नुपर्नेमा एक्कासि सबै सामानमा एमआरपी कार्यान्वयन गर्दा ठूलो जटिलता र झन्झट बेहोर्नुपर्ने देखिन्छ।"

# नवलपुर सर्पदंश उपचार केन्द्रको आइसियू र भेन्टिलेटर छ वर्षदेखि थन्किँदै

जनार्जन खत्री

सर्लाही, १५ वैशाख। सर्लाहीको सर्पदंश उपचार केन्द्र, नवलपुरमा आइसियू र भेन्टिलेटर उपकरण विगत छ वर्षदेखि प्रयोगविहीन अवस्थामा थन्किएको छ। सञ्चालनका लागि प्रदेश तथा संघीय सरकारका मन्त्रीदेखि सांसदसम्मलाई पटक–पटक निरीक्षण गराई ध्यानाकर्षण गराउने प्रयास भए पनि उपकरण सञ्चालनमा आउन सकेको छैन। यस अवधिमा दर्जनौं सांसद, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अधिकारी तथा अन्य उच्च पदस्थ व्यक्तिलाई निरीक्षण गराइए पनि आइसियू र भेन्टिलेटर सञ्चालन हुने कुनै ठोस प्रगति देखिएको छैन। उपचार केन्द्रका अध्यक्ष उद्धवप्रसाद पौडेलका अनुसार उपकरण सञ्चालनका लागि स्थानीय, प्रदेश र संघीय सरकारसँग निरन्तर पहल भइरहेको छ।

हालै सर्लाही क्षेत्र नं. १ की प्रतिनिधिसभा सदस्य नीतिमा भण्डारी कार्कीलाई पनि उपचार केन्द्रमा निरीक्षण गराई अवस्था अवगत गराइएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीबाट निर्वाचित कार्कीलाई थन्किएको उपकरण सञ्चालन तथा आर्थिक अवस्थाबारे विस्तृत विवरणसहित फाइल बुझाइएको अध्यक्ष पौडेलले बताउनुभयो। गर्मी बढेसँगै सर्पदंशका बिरामी आउने क्रम बढेको छ। हाल उपचार केन्द्रमा सर्पले डसेका बिरामीलाई एन्टीस्नेकभेनमको सहायताले उपचार गरिन्छ। तर जटिल अवस्थामा रहेका बिरामीलाई आइसियू र भेन्टिलेटर सुविधा भएका जनकपुर वा अन्य अस्पतालमा रेफर गर्नुपर्ने बाध्यता छ।

समयमै रेफर गर्दा बाटोमै बिरामीको मृत्यु हुने जोखिम समेत रहेको स्वास्थ्यकर्मीहरू बताउँछन्। उपचार केन्द्रका इन्चार्ज जगन्नाथ यादवका अनुसार आइसियू र भेन्टिलेटर नहुँदा जोखिम मोलेर उपचार गर्नुपर्ने अवस्था छ। नवलपुर सर्पदंश उपचार केन्द्रमा आइसियू र भेन्टिलेटर २०७६ सालदेखि प्रयोगविहीन छन्। मधेश प्रदेश सरकार र लालबन्दी नगरपालिकाको सहयोगमा खरिद गरिएका यी उपकरण सञ्चालनका लागि दक्ष जनशक्ति नहुँदा थन्किन पुगेका हुन्।

दक्ष जनशक्ति व्यवस्थापनका लागि पटक–पटक पहल गरिए पनि सफलता मिल्न नसकेको अध्यक्ष पौडेलले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले सम्बन्धित सबै निकायमा पहल गरिसकेका छौँ, तर आइसियू र भेन्टिलेटर सञ्चालनको समाधान अझै हुन सकेको छैन।"

## सिरहाका चार ...

कार्यवाहक प्रमुख रेखाकुमारी यादवले पनि यस्तै गुनासो गरिन्। आर्थिक तथा प्रशासनिक कार्य सञ्चालन गर्ने प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजना कार्यान्वयनमै चुनौती थपिएको उनले सुनाइन्। 'यो काम गर्ने बेला हो, उहाँ छिट्टै आइदिनुभए राम्रो हुन्थ्यो,' उनले भनिन्।

मन्त्रालयले सरुवा गरे पनि प्रशासकीय अधिकृतहरू अटेर गर्दै अहिलेसम्म पनि हाजिर नभएको विषयमा मन्त्रालयकी सचिव चन्द्रकला पौडेलले भने बोल्न अस्वीकार गरेकी छन्। फोन नउठेपछि प्रतिक्रियाका लागि म्यासेज पठाउँदा 'हस् सर, धन्यवाद' भन्दै रिप्लाई पठाएकी छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)